जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको प्रवन्ध संचालकको छनोट र सिफारिसका लागि आवश्यक शैक्षिक योग्यता र अनुभवका सम्बन्धमा स्पष्ट गरिएको सूचना ।

मिति २०८१/१०/२८ मा स्वीकृत भई मिति २०८१/१०/२९ मा मन्त्रालयको वेवसाइटमा प्रकाशित गरिएको जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको प्रवन्ध संचालकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि २०८१, को दफा २ मा उल्लेखित योग्यता र अनुभवका सम्वन्धमा सरोकारवालाहरूबाट जिज्ञासा रहेको सम्बन्धमा प्रवन्ध संचालक छनौट तथा सिफारिस समितिको मिति २०८१/११/०१ को वैठकबाट देहाय अनुसार गर्ने निर्णय गरिएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यस सूचनाबाट स्पष्ट पारिएको व्यहोरा अनुरोध छ।

१. कार्यविधिको दफा २ (क) मा उल्लेखित योग्यताको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तिर्ण गरेको।
२. कार्यविधिको दफा २ (क) मा नै उल्लेख भएको 'कुनै संस्था वा निकायको अधिकृत स्तरको पदमा कम्तिमा १० वर्षको कार्य अनुभवको हकमा कानून बमोजिम गठित वा दर्ता भएको संगठित संस्था वा निकायको अधिकृत स्तरको पदमा कम्तिमा १० (दश) वर्ष कार्य अनुभव भएको भन्ने सम्वन्धित संस्था वा निकायबाट प्रमाणित कागजात र नियुक्ति पत्र समावेश हुनुपर्ने।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

२०८१/११/०१
अनिता निरौला
सहसचिव